२०७८ बैशाख २२ गते बसेको नगरकार्यपालिकाको ८४ औं बैठकका निर्णयहरु:

भूमी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा :

- पञ्चपुरी नगरपालिका क्षेत्र भित्रको अव्यवस्थित भूमीको लगत संकलन गर्नका लागि खटिएका कर्मचारीहरुलाई सामाजिम दुरी, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै इलाका प्रहरी कार्यालय बाबियाचौर संग समन्वय गरी यसको कार्यहरु अगाडी बढाउने निर्णय गरियो ।
- पञ्चपुरी नगरपालिका भित्र भएका अव्यवस्थित भूमीको नापी प्रक्रियाको जिल्ला सुकुम्बासी आयोग सुर्खेतबाट राप्ती अञ्चल क्षेत्रीय बसोबास बाट नक्सापास भएको विवरण माग गरी उक्त कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।
- पञ्चपुरी नगरपालिका भित्र अव्यवस्थित भूमीको नापी कार्यलाई तिब्रता दिन तत्काल आवश्यक मेशिन (टोटल स्टेशन) हाल एक वटा मात्र भएको हुदाँ पहिलो चरणमा वडा नं. ५ बाट शुरु गर्ने र अर्को मेशिन प्राप्त भएपछि उपलब्ध जनशक्तिलाई पञ्चपुरी नगरपालिका वडा नं. ११ बाट नापी कार्य शुरु गर्ने गरी नापी कार्य सम्बन्धित वडाका वडाध्यक्ष ज्यूको समन्वयबाट अगाडी बढाउने निर्णय गरियो ।

मूख्य मन्त्री तथा प्रधानमन्त्री रोजगारका कार्यक्रम संचालन सम्बन्धमा :

- आ.व.२०७७/७८ को कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कार्यक्रम कार्यान्वयन हुने स्थल/वडा/टोलका बासीलाई अधिकतम रोजगारी सीर्जना हुने गरी मात्र सोही कार्यमा संलग्न गराउने, प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी श्रमिकलाई मूख्य मन्त्री रोजगार कार्यक्रममा पनि श्रम नगर्ने गरी तथा सामाजिक दुरी/स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड कायम गरी कार्यक्रम कार्यान्वयन अगाडी बढाउने निर्णय गरियो ।

कृषि शाखा मार्फत कृषि उत्पादन पकेट क्षेत्र स्थापना तथा सञ्चालन सम्बन्धमा :

- मिति २०७७/११/२८ मा यस पञ्चपुरी नगरपालिकाको कृषि उपशाखाबाट प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र पेश हुन आएका प्रस्तावहरुको प्रस्ताव छनौट सम्बन्धी प्राविधिक समितिले पेश गरेको स्थलगत प्रमाणीकरण तथा मूल्यांकन प्रतिवेदन अनुसार छनौट गरी सिफारिस गरेको कृषक समूहहरु मार्फत नै यस पञ्चपुरी नगरपालिका भित्र पकेट क्षेत्र स्थापना र सञ्चालन गर्ने निर्णय गरियो ।

शाखाको साना व्यवसाय कृषि उत्पादन पकेट क्षेत्र स्थापना तथा सञ्चालन सम्बन्धमा :

- मिति २०७७/११/२८ मा यस पन्चपुरी नगरपालिकाको कृषि उपशाखाबाट प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र पेश हुन आएका प्रस्तावहरुको प्रस्ताव छनौट सम्बन्धी प्राविधिक समितिले पेश गरेको स्थलगत प्रमाणीकरण तथा मूल्यांकन प्रतिवेदन अनुसार